# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा


प. सं.: २०७५/०७६ ५ नं. प्रदेश, नेपाल

च. नं.: २६० मिति : २०७५/०९/२४

## शोक वक्तव्य

सुनिलस्मृति गाउँपालिका सुलिचौर रोल्पा देखि लुंग्री गाउँपालिका वडा नं. ३ जुतुङखोला जादै गरेको आशिर्वाद यातायात प्रा.लि.को ग १ ख ५५२१ नम्वरको यात्रु वाहक वस हिजो मिति २०७५/०९/२३ गतेका दिन चिसाखोलामा भएको दुर्घटनाले हामिलाई निकै स्तब्ध र मर्माहत बनाएको छ, सो घटनामा परि स्वर्गद्धारी नगरपालिका वडा ५ सारी निवासी २४ बर्षीय गाडि चालक नवराज आले र लुंग्री गाउँपालिका वडा नं. ३ का ११ महिने बालक नितेश विकको मृत्यु भएको छ, सो दुर्घटनामा परि २६ जना घाइते भई सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र, सुलिचौर रोल्पामा सामान्य उपचार पछि १० जनालाई डिस्चार्ज गरिएको छ, भने बाँकी १६ जनालाई कोहलपुर मेडिकल कलेजमा रिफर गरिएको छ, सो घटनाले हामिलाई निकै भावविह्वल बनाएको छ । निकै दर्दनाक, अकल्पनीय र भयानक दुर्घटनामा परी ज्यान गुमाउनेहरुप्रति गहिरो श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

दुर्घटनामा परी घाइते भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनीहरुको उपचारमा कुनै कसर बाँकी नराख्न हामि सम्बन्धित सबैलाई विशेष अनुरोध गर्दछौं । भयानक र दर्दनाक घटनाबाट निधन भएका व्यक्तिहरुका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै अकल्पनीय पीडालाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौं ।

साथै यातायात व्यवसायीहरुले गाडि सञ्चालन गर्दा भौगोलिक अवस्था र त्यहाँको बाटोको स्थितीं अनुसार गाडि सञ्चालनमा ध्यानपुर्याउनहुन समेत सवै यातायात व्यवसायीहरुको ध्यानाकर्षण समेत गराउन चाहान्छौ । हिजोको सवारी दुर्घटनामा परी निधन हुने सवैमा श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभका कामना गर्दछौं ।

(गुणेन्द्र घर्ती)
अध्यक्ष

गुणेन्द्र घर्ती
अध्यक्ष


ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फि नं : १६६०८६४४२५०